ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
**********************************

# बदलिँदो विश्व व्यवस्था र नेपालमा बढ्दो भू-राजनीतिक प्रभाव

**The Changing World Order and the Growing Geopolitical Influence in Nepal**

हिरेन्द्र वहादुर शाही[1]

**Hirendra Bahadur Shahi**

DOI: https://doi.org/10.3126/amrj.v4i1.78690

[1]एमफिल राजनीतिशास्त्र, त्रि.वि

[1]Corresponding Author: Email: hirendrasnp@gmail.com

Article History: Received: Jan. 2, 2025 Revised: April. 1, 2025 Received: May. 5, 2025

**लेखसार**

चीन विश्वव्यवस्थाको एक महत्वपुर्ण राष्ट्र भैसकेको छ । चीन, रसिया र भारतको आर्थिक, सैन्य र प्राविधिक विकासले विश्वव्यवस्था बहुध्रुविय अवस्थामा प्रवेश गरेको छ । यी तीन ओटा राष्ट्रहरुलाई अस्विकार गरेर आजको विश्वव्यवस्था चल्न सक्ने अवस्था देखिदैन् । चीनियाँलागानीको बिआरआई परियोजना संसारका धेरै देशहरुमा सञ्चालन भैरहेका छन् । अमेरिकी नेतृत्वको पुँजिवादी विश्व अर्थव्यवस्थामा समेत चीनको महत्वपुर्ण योगदान छ । भू-राजनीतिकरुपमा नेपाल, चीन र भारतका बिचमा रहेकाले नेपालमा भू-राजनीतिक चासो बढेर गएको छ । ठुला देशहरु बिचको प्रतिद्वन्दिता, सहकार्य र प्रतिस्पर्धा आदि सबैको प्रभाव नेपालमा देखापरेको छ । भूराजनीतिक हिसाबले महत्वपुर्ण परियोजनाहरु एमसिसी र बिआआईको ब्याटल ग्राउन्ड नेपाल हुने खतरा छ । यीदुवै परियोजना नेपाल सरकारले अगाडि बढाइरहेको छ । जलविद्युत परियोजना निर्माणमा नेपालमा भू-राजनीतिक असर देखापरिसकेको छ । चिनियाँलगानि का परियोजनाले नेपालमा भू-राजनीतिक दबाबको सामना गरिरहेको आवस्था छ । परियोजना अगाडि बढ्दै जाँदा भू-राजनीतिक असहयोग र दबाब समेत नेपालले सामना गरिरहेको छ । नयाँ विश्वव्यवस्थामा सुरक्षा एलाइन्सहरु समेत नयाँ ढङ्गले अगाडि बढिरहेको पाइन्छ । चीनले आफनो पहलमा ग्लोबल सेक्युरिटि इनिसियटिभ् सुरक्षा परियोजना अगाडि बढाएको छ भने अमेरिकाले पनि स्टेट पार्टनर सिपप्रोग्राम अगाडि ल्याएको छ । यसरी विश्वका शक्तिशाली राष्ट्रहरु अगाडि बढिरहेको अवस्थामा नेपालले असंलग्न परराष्ट्र नीतिको अनुशरण गर्दै छिमेक शक्तिसन्तुलनका आधारमा अगाडि बढ्नु पर्दछ । छिमेकीहरुको सुरक्षा र भू-राजनीतिक चासोको व्यवस्थापनमा नेपाल सजग र जिम्मेवार भइ अगाडि बढ्नु पर्दछ । यो अध्ययन द्वितिय स्रोतमा आधारित छ ।

*शब्दकुञ्जी:* विश्वशक्तिसम्बन्ध, भू-राजनीतिक चुनौति, बदलिँदो विश्वव्यवस्था, सुरक्षा चुनौती, सन्तुलित छिमेक सम्बन्ध ।

## विषयपरिचय

विश्वव्यवस्था निरन्तर बदलिने क्रममा छ । खासगरी दोस्रो विश्वयुद्धपछिको विश्वव्यवस्थालाई आधुनिक विश्व व्यवस्थाका रुपमा बुझिन्छ । त्यसपुर्व संसारभर विभिन्न देशका साम्राज्य र उपनिवेशहरु थिए । कुनै बेला विश्वका धेरै देशहरुमा बेलायतको एकछत्र शासनथियो । सन् १९४५ पछि संसार अमेरिकी र सोभियत दुई ध्रुब्रमा बाँडियो । संसरा भर यिनै दुई देशहरुको आर्थिक, सैन्य, सामरिक प्रतिस्पर्धा सन् १९९० को दशक सम्म आउँदा जारी रह्यो । सन् १९९१ मा विशाल सोभियत संघमा कम्युनिष्ट शासनको पतन पछि अमेरिकाको एकछत्र दबदबा संसारभर नै रह्यो । विश्व अमेरिका केन्द्रित एक ध्रुवीय भयो । पश्चिमा केन्द्रित विश्वव्यवस्था लाई सहयोग गर्न विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त राष्ट्रसंघ आदिले प्रमुख भूमिका खेल्दै आएका छन् । ती संस्थाहरु मार्फत विश्वभर मानवअधिकार, लोकतन्त्र, नीजिकरण आदि प्रवद्धन गर्ने उद्देश्यले विभिन्न देशहरुलाई आर्थिक सहयोग गरिरहेका छन् । सन् २००८ मा अमेरिकामा आएको आर्थिक मन्दी पछि भने अमेरिकी नेत्रित्वको विश्वव्यवस्थामा संकट आयो र विश्व बहुध्रुवीय

अवस्थामा प्रवेश गऱ्यो । अमेरिकाको आर्थिक मन्दीले घरजग्गा ब्यापार डुब्यो भने बैङ्कहरुमा अधिक तरलताको अभाव भयो ।

चीन, रसिया, भारत लगायतका देशहरुको आर्थिक विकास पछि विश्व व्यवस्था मा उनीहरुको प्रभाव पनि शुरु भयो । नेपालका छिमेकी देशहरु चीन र भारत विश्व राजनीतिमा शक्तिशाली देशको रुपमा देखा परे । अन्तर्राष्ट्रय राजनीति र अन्तर्राष्ट्रय सम्बन्धहरुमा शक्तिशाली राष्ट्रहरुको भौगोलिक प्रभावहरुको अध्ययन नै भूराजनीति हो । भूराजनीति राजनीतिक शक्तिहरुको अध्ययन गर्ने विज्ञान हो । यसले क्षेत्रिय तथा प्रादेशिक सन्तुलनको अध्ययन गर्दछ ( भण्डारी, २०७९, पृ.१५) । नेपालले सीमा, सुरक्षा, नीति निर्माण, विकास, जलविद्युत विकास, उद्योग, पर्यटन, हवाई उडान आदि क्षेत्रहरुमा विभिन्न खालका भूराजीतिक दवाब, जटिलता, असहयोग आदिको सामना गरिरहेको छ ।

बहुधुव्रिय बन्दै गएको विश्व व्यवस्थामा साना राष्ट्रहरुको अस्तित्व माथि चुनौति सिर्जना हुदै गएको छ । नेपाल जस्तो भूराजीतिकरुपमा एकदमै संवेदनसिल ठाउँमा अवस्थित मुलुकले आफनो सार्वभौमसत्ता र भौगोलिक अखण्डता जोगाईराख्न कुटनीतिलाई विषेश ध्यान दिन जरुरी छ । संसारका थुप्रै देशहरु भुराजनीतिक सन्तुलन मिलाउन नसक्दा आफनो देशको अस्तित्व गुमाएको र संकटमा प्रर्दै आएका छन् । यस अध्ययनमा विश्व व्यवस्था कसरी परिवर्तन हुदै छ र त्यसले नेपालमा प्रार्ने भूराजनीतिक प्रभावहरुको बारेमा व्याख्या गरिएको छ । बहुधुव्रिय विश्व व्यवस्था नेपालका लागि अवसर हो वा चुनौति बन्न सक्छ त्यस विषयमा पनि चर्चा गरिएको छ । बदलिदो विश्व व्यवस्थाको अध्ययन नेपाल जस्तो साना राष्ट्रका लागि अति आवश्यक छ । बहुधुव्रिय विश्व व्यवस्थाले उत्पन्न गर्ने भुराजनीतिक दबाव नेपाल ले समयमै बुझ्न आवश्यक छ । बहुधुव्रिय विश्व व्यवस्था नेपालका लागि अवसर हुन्छ वा चुनौति यस्ता विषयमा अध्ययन, अनुसन्धान र छलफल आवश्यक छ ।

अमेरिका, चीन र रसिया विचमा भैरहेको भूराजनीतिक प्रतिस्पर्धाले विश्वको शक्ति शन्तुलन बहुधुविय विश्व व्यवस्था तर्फ उन्मुख छ । अमेरिकाले सैन्य र कुटनीतिक क्षेत्रमा पनि असफलता व्यहोरिरहेको छ । अफगानस्थान बाट अमेरिकी सेना भाग्नुपऱ्यो त्यस्तै इजरायल-गाजा नरसंहार, रसिया-युक्रेन युद्धमा पनि अमेरिकाले असफता व्यहोरिरहेको छ जसका कारण पनि अमेरिकी नेतृत्वमा रहेको विश्व व्यवस्था असफल भैरहेको छ । चीनका विरुद्ध ताइवानलाई प्रयोग गर्ने अमेरिकी प्रयास पनि पटक पटक असफल भैरहेको छ । नेपाल मार्फत तिब्बतको मुद्धालाई उचालेर चीनलाई अस्थिर बनाउने र त्यसलाई अन्तर्राष्ट्रियकरण गर्न खोजेको पश्चिमा प्रयास पनि नेपालको जिम्मेवार भूमिकाका कारण असफल भैरहेको छ । विश्व व्यवस्था परिवर्तनका मुख्य देशहरु चीन र अमेरिका नै रहेका छन् । दक्षिण एसियाली देशहरुमा चीनको प्रभाव विस्तार भैरहेको छ भने त्यसलाई रोक्न अमेरिकाले भारतलाई आफनो पक्षमा राखेर चीनको प्रभाव रोक्ने प्रयास भैरहेको छ । बदलिदो विश्व व्यवस्थाका प्रभावहरु नेपाल जस्ता साना देशहरुमा परिरहेको छ । तसर्थ यस अध्ययनले बदलिँदो विश्वव्यवस्थामा नेपाल जस्ता साना देशहरु माथी परिरहेको भू-राजनीतिक जटिलता र चुनौतिहरुको बारेमा विश्लेषणात्मक रुपमा अध्ययन गरिएको छ ।

## अध्ययनविधि

यस अध्ययनमा द्धितीय स्रोतहरुको प्रयोग गरिएको छ । यस विषयसँग सम्बन्धित पुस्तकहरु, अनुसन्धानमूलक जर्नल लेख आदिको प्रयोग गरिएको छ । यो अध्ययन बदलिँदो विश्वव्यवस्था र त्यसको नेपालमा पर्ने भू-राजनीतिक प्रभावको बारेमा केन्द्रीत भइ व्याख्या गरिएको छ । ठुला देशहरुले सानादेशहरु लाई कसरी भू-राजनीतिक प्रभाव र दबाबमा राखिरहेका हुन्छन् त्यसका अनेक पक्षहरुको पनि अध्ययन गरिएको छ । भौगोलिक रुपमा ठुला देशहरुसँग सीमा जोडिँदा त्यसबाट उत्पन्न भएका असरहरु पनि अध्ययन गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भू-राजनीतिक अवधारणा एउटा महत्वपूर्ण 'ग्रेट गेम' पनि हो । भूराजनीतिक अवधारणाले शक्ति राष्ट्रहरुले विभिन्न देशहरुमा गरिरहने भू-राजनीतिक चलखेल, भौगोलिक प्रभावहरुको वारेमा अध्ययन गर्दछ । भू-राजनीतिक

अवधारणा ले देशको अवस्थिति, प्राकृतिक श्रोतसाधन, जनसंख्या, आर्थिक अवस्था, सैन्य क्षमता आदिका बारेमा अध्ययन गर्दछ । यिनै अवधारणाहरु लाई केन्द्रमा राखि यो अध्ययन गरिएको छ ।

सन् १९१८ देखि १९३९ सम्म विश्वमा भएको उथलपुथलपूर्ण राजनीतिको समिक्षा गर्दै स्विडिस विद्वान् राजनीतिशास्त्री रुडोल्फ जेलेनले भू-राजनीतिक अवधारणाको विकास गरेका हुन् । भू-राजनीतक अवधारणा मा हार्टल्यान्ड र रिमल्यान्ड अवधारणाले भूराजनीतिका क्षेत्रहरुको व्याख्या गरेका छन् । म्याकिन्डरे हार्टल्यान्ड अवधारणालाई ठुलो भूगोल भएको, प्राकृतिक श्रोत साधन अधिक भएको, धेरै जनसंख्या भएको र विश्वको धेरै ठुलो रणनीतिक महत्वको क्षेत्रलाई उनले हार्टल्यान्ड क्षेत्र भन्दै पूर्वी युरोपलाई त्यस रुपमा व्याख्या गरेका छन् । स्पाइकमेनले रिमल्यान्डलाई भू-राजनीतिक परिधिभूमिको रुपमा व्याख्या गरेका छन् । उनले जुनशक्तिले रिमल्याण्ड माथि प्रभुत्व जमाउँछ उसैले हार्टल्यान्ड माथि नियन्त्रण गर्न सक्दछ । तसर्थ भू-राजनीतिक अवधारणाले भौगोलिक क्षेत्र र त्यसमाथिको नियन्त्रण वा प्रभावको वारेमा अध्ययन गर्दछ । यस अध्ययनमा पनि नेपाल माथिको बिभिन्न भू-राजनीतिक प्रभावहरु लाई भूराजनीतिक अवधारणा बाटै ब्याख्या गरिएको छ । नेपालको सीमामा पनि भारत र चीनसँग जोडिएकाले बेला बेला नेपालको सीमामा हस्तक्षेप पनि भइरहेको छ । भारतसँग धेरै ठाउँमा सीमा समस्या रहेको छ ।

**बहुध्रुबीय विश्वव्यवस्था**

विश्व शक्ति सन्तुलन फेरिने प्रष्ट अवस्था देखिन्छ । अमेरिका एक महाशक्ति राष्ट्र भैसकेको, चीन विकास हुदै गरेको महाशक्ति, रसिया जसले आफनो सैन्य र आणविक शक्ति संसारलाई देखाइरहेको छ । भारत निकट भविष्यमा नै विश्वको शक्तिशाली अर्थतन्त्र भएको देशको रुपमा अगाडि बढिरहेको छ (के.सी., २०२३, पृ. १) । बहुधुव्रिय विश्वव्यवस्थामा धेरै देशहरु शक्तिशाली हुन्छन् । बहुधुव्रिय विश्वव्यवस्थामा शक्तिशाली देशहरुको आर्थिक, राजनीतिक, सैन्य र सांस्कृतिक प्रभाव अन्य देशहरुमा परिरहेको हुन्छ । बहुध्रुवीय विश्वव्यवस्थामा धेरै देशहरुको प्रभाव अन्य देशहरुमा देखा परीरहेको हुन्छ ।

अहिले बहुधुव्रिय विश्वव्यवस्थालाई प्रभाव पार्ने देशहरुमा अमेरिका, चीन, युरोपिएन युनिएन, रसिया, भारत आदि रहेका छन् । बहुध्रुवीय विश्वव्यवस्थामा प्रतिशस्पर्धा र सहकार्य दुवै सँगै भैरहेको हुन्छ । जुन अहिले अमेरिका र चीनको बिचमा भैरहेको छ । दुवै देशको बिचमा व्यापारिक लडाइँ जारी छ भने प्रविधिमा सहकार्य पनि भैरहेको छ । अमेरिकी कम्पनी आइफोनको माग सबैभन्दा बढी चीनमा भैरहेको छ । भू-राजनीतिकरुपमा भने अमेरिका र चीनका बिचमा हरेक देशअनुसार फरकफरक रणनीति रहेको छ । थुप्रै अध्ययन तथा तथ्याङ्कले एक्काइसौं शताब्दिको केन्द्र र नेत्रित्व चीन र भारतमा केन्द्रीतहुने सक्ने बताइएको छ । विश्व अब पुर्वियकरण हुने विश्लेषण भैरहेको छ भने आर्थिक तथ्याङ्कले पनि पश्चिमा अर्थतन्त्र कमजोर भैरहेको छ भने चीन र भारतको अर्थतन्त्र बलियो बन्दै गएको छ । निकट भविष्यमा भारतको अर्थतन्त्रले विश्व अर्थतन्त्रको दोस्रो स्थान लिने पुर्वानुमानहरु भैरहेका छन् ।

अबको एक वा दुई दशकसम्म अमेरिका र चीनको बिचमा निरन्तर भूराजनीतिक प्रतिस्पर्धा भैरहने छ । रसिया र चीन मिलेर विश्वव्यवस्था परिवर्तनमा कोशिस गर्नेछन् । "सन् २०२५ सम्ममा चीनले अमेरिकालाई कडा टक्कर दिने अनुमान गरिएको छ । चीन र रसिया ले आफुअनुकुलको एकदलीय अधिनायकवादी राजनीतिक विश्वव्यवस्था स्थापना गर्न र भिटो पावरमार्फत अन्य देशहरुको आर्थिक, कुटनीतिक र सुरक्षा मामिलामाथि नियन्त्रण गर्न प्रयास गर्नेछन" (माहबुवानी, २०२०) ।

अमेरिकाले निर्माण गरेको सुरक्षा एलायन्स नाटो, स्टेट पार्टनरसिपप्रोग्राम जस्तै चीनले पनि जीएसआई अर्थात ग्लोवल सेक्युरिटी इनिसियटिभ् शुरु गरेको छ । जीएसआई लाई विश्वमा चीनको प्रभाव विस्तार गर्ने सुरक्षा परियोजनाका रुपमा पनि हेरिएको छ । चीनले जीएसआई बहुध्रुवीय विश्वव्यवस्थालाई प्रर्वद्धन गर्न एलायन्सको रुपमा ब्याख्या गरेको छ । सामरिक, रणनीतिक र कुटनीतिक दिष्ट्रकोण बाट जीएसआई परियोजना महत्वपुर्ण छ । चीनले अगाडि सारेका परियोजनाहरुले चीन विश्वको नेत्रित्व लिने दौडमा रहेको प्रष्ट देखिन्छ ।

**पुँजीवादी विश्वव्यवस्था संकट वापुनर्उत्थान?**

पुजीवादी विश्वव्यवस्था बजार केन्द्रीत अर्थव्यवस्था, नीजि स्वामित्व, नाफाको खोजी, औद्योगिकरण आदिमा आधारित हुन्छ । सन् १९४५ पछिको अहिले सम्मको विश्वव्यवस्था लाई पुँजीवादी विश्वव्यवस्थाकै रुपमा व्याख्या गर्न सकिन्छ । संसारभर पुँजिवादी व्यवस्थाकै शासन भयो । तर यस व्यवस्थाले विश्वका देशहरुमा भयानक आर्थिक असमानता, पुँजी र स्रोतका लागि गरिने युद्ध तिव्र भयो । सरकार कमजोर र नीजि क्षेत्र बलियो बनेको यस कालखण्डमा कोरोना महामारी भयो तर यस महामारीलाई पनि पुँजीवादले नाफा केन्द्रित गऱ्यो जसका कारण थुप्रै मानिसले ज्यान गुमाउनु पऱ्यो । थुप्रै देशका सरकारहरु ले नीजि क्षेत्रलाई नाफा कमाउने गरि कोभिड नियन्त्रणको भुमिका दिए ।

सन् २०१२ मा चिनविश्वको सबैभन्दा बढि पैसा राख्ने र सबैभन्दा ठुलो ऋणदाता देश भयो । विश्वको सबैभन्दा दोस्रो ठुलो जीडिपि डलर र क्रयशक्ति समानता (पिपिपि) मा सबैभन्दा ठुलो देश बन्यो । बजारमा आधारित पुँजिवादी विश्वव्यवस्था कमजोर हुँदै गएको छ । अमेरिकामा भएको अकुपाई वालस्टिरिट आन्दोलन, कर घटाउन मागगर्दै विभिन्न देशमा भैरहेका आन्दोलन, युरोपमा बढ्दै गएको आर्थिक संकट, आर्थिक मन्दी, राजनीतिमा बढ्दो भ्रष्टाचार, आर्थिक असमानता आदिले गर्दा पुजिवादी विश्वव्यवस्था दिनप्रतिदिन संकट उन्मुख छ । सन् २००८ को अमेरिकन आर्थिक मन्दी, कोरोना माहामारीले नीजि क्षेत्र होइन सरकार शक्तिशाली हुनुपर्ने विषय देखाएको छ । शक्तिशाली सरकारले मात्रै ठुल ठुला माहामारी नियन्त्रण गर्ने र आर्थिक शंकटहरु टार्न सक्ने अवस्था बन्ने रहेछ भन्ने प्रमाणित भएको छ ।

**चीन र भारतको उदय**

चीनसँग नेपालको १ हजार ४३९ किलोमिटर सीमा जोडिएको छ । भने भारतसँग १८८० किलोमिटर लामो सिमा जोडिएको छ । चीनसँग १५ वटा र भारतसँग नेपालका २७ जिल्ला जोडिएका छन् । कुनै समय सामाजिक संन्जालमा एउटा कुरा भाईरल भयो "सन १९४९ मा समाजवादले मात्रै चिनलाई सुरक्षित गर्न सक्छ भनियो; सन १९७९ पुजीवादले मात्रै चिनलाई बचाउन सक्छ भनियो; सन् १९८९ मा चीनले मात्रै समाजवादको रक्षा गर्न सक्छ भनियो; सन् २००९ मा अमेरिकाको आर्थिक संकट पछि चीनले मात्रै पुजीवादको रक्षा गर्न सक्छ भनियो (सिङ्ग, २०१६, पृ.२) । यस बाट पनि के बुझ्न सकिन्छ भने पश्चिमा विश्वले पनि चीन बाट केहि आशा गरेको देखिन्छ । आजको पुजिवादी विश्वव्यवस्थामा चीनको पनि ठुलो योगदान देखिन्छ । अहिलेको विश्वव्यवस्थामा काम गरिरहेका संस्थाहरु विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र संघ आदि संस्थाहरुलाई यदि चीनले अनुदान दिन इन्कार गरेमा ती संस्थाहरु जोखिममा रहेको तथ्यहरु आइरहेका छन् । तसर्थ चीन विश्व समुदायका लागि एक अनिवार्य राष्ट्र भैसकेको छ ।

विभिन्न देशहरुमा भौतिक संरचना निर्माण गर्न पक्ष पनि चीनीयाँ विदेश नीतिको अङ्गबन्दै आएको छ । चीनअहिले विश्वकै सबैभन्दा ठुलो भौतिक संरचना निर्माण कर्ता देश बनेको छ । बेल्ट एण्ड रोड इनिसियटिभ् परियोजनाले पनि कनेक्टीभिटिलाई जोड दिएकाले बिआरआईमार्फत यसमा आवद्ध मुलूकहरुमा विभिन्न प्रकारका भौतिक संरचनाहरु निर्माण भैरहेका छन् । चीनका राष्ट्रपति सि-जिनपिङ्गले सन् २०१३ मा शुरु गरेको बिआरआई परियोजना चीनको एक महत्वकांक्षी परियोजना हो । जुनमार्फत चीनले पुरानो व्यापारिक सिल्क रोड र समुन्द्रीमार्ग मार्फत विश्व कनेक्टीभिटिको योजना बनाएको छ । बिआरआई मार्फत सेन्टल एसिया, युरोप, अफ्रिका, साउथइस्ट र साउथ एसियालाई विभिन्न कनेक्टीभिटी मार्फत जोड्ने योजनाबनाइएको छ । बिआरआईलाई मानव सभ्यताकै महत्वाकांक्षी परियोजनाका रुपमा हेरिएको छ । १५० भन्दा बढिदेशहरु यस परियोजनमा जोडिसकेको बताइएको छ । यस परियोजनाले विश्वको ४० प्रतिशत जीडिपी, ६५ प्रतिशत जनसंख्या, ७५ प्रतिशत ऊर्जा क्षेत्रहरु समेट्ने बताइएको छ । यसै परियोजना मार्फत चीनले आफनो उदयलाई विश्वसमुदायमा देखाउन र वैकल्पिक विश्वव्यवस्थाको प्रारुप देखाउन खोजेको छ । नेपालमा बिआरआई परियोजना भू-राजनीतिक दबाबमा छ ।

"नयाँआर्थिक विश्वव्यवस्थाको निर्माणको लागि चीनले एसियन इन्फ्रास्टकचर बैङ्क, बोआओ फोरुम, साङघाई कोअपरेसन अर्गनाइजेसन, ब्रिक्स आदि निर्माण गरि तिनै फोरम मार्फत विभिन्न गतिविधिहरु चीनले गरिरहेको छ"(दाहाल, २०२४, पृ.११) । जीडिपि, परचेजिङ्गपावर प्यारिटी (पि.पि.पि), निर्माण कर्ता र आर्थिक हिसाबले चीनविश्वको शक्तिशाली देश बनेको छ । नेपालका दुवै छिमेकी राष्ट्रहरु चीन र भारतको उदय र विकास सन् १९५०

को दशकपछि नै शुरु भएको हो । भारत अहिले संसारको सबैभन्दा बढि जनसंख्या भएको देश बनेको छ भने आर्थिकरुपमा पनि विश्वको तेस्रो ठुलो आर्थिक शक्तिबन्ने दौडमा छ । भारत र चीनदुवैदेशले नेपालको विकास निर्माणमा भने महत्वपुर्ण योगदान समेत दिदै आएका छन् ।

### भू-राजनीतिक दबाबमा नेपाल

"स्वतन्त्र भारतका पहिला प्रधानमन्त्री जवाहरलाल नेहरुको हिमाली राज्यहरु नेपाल, भुटान र सिक्किम भारतका सुरक्षा क्षेत्र हुन भन्ने मान्यता लागु गर्ने क्रममा नेपालसँग सन् १९५० को सन्धिभारतले गरेको थियो" (खनाल, २०७३, पृ.१३१) । पछि १९७५ मा भारतले सिक्किमलाई भारतमा विलय गरायो भने भुटानको वैदेशिक र सुरक्षा मामिला नयाँदिल्ली बाट हेर्ने गरि सन्धि-सम्झौताहरु गऱ्यो । नेपाल लाई पनि भारतले कुनै न कुनै हिसाबले आफनो अंङ्गका रुपमा अगाडि बढाउने भारतीय चाहाना प्रकट भैरहेको हुन्छ । खुला सीमाना, भाषा संस्कृति, रोटीबेटी आदिको सम्बन्ध नेपाल-भारतको बिचमा रहिआएको छ । जुन पक्ष कहिले अवसर त कहिले चुनौतिको रुपमा देखापरेको छ ।

नेपालमा भारतीय भू-राजनीतिको दवाब बेइजिङ्गस्थित दुतावासले समेत भोग्नुपरेको बताइन्छ । "चीन स्थित भारतीयदूतावासले नेपाली दूतावासमा कार्यरत कर्मचारीहरु लाई नेपाल र चीनबिच हुने सबै गतिविधिको निगरानी, शोधपुछ गरेर कर्मचारीलाहरु लाई त्रसित बनाएको चीनका लागि नेपाली राजदूत भैसकेका राजेश्वर आचार्यले आफनो पुस्तक कूटनीतिक डायरीमा उल्लेख गरेका छन्" (आचार्य, २०७९, पृ.११५) । "अमेरिकाले भारतको सहयोगमा नेपालको भूमिप्रयोग गरेर चीनलाई घेराबन्दी गर्न खोजेको चीनको बुझाइ छ" (विश्वकर्मा, २०८०, पृ.५०) ।

चीनको कर्जामा चिनियाँ ठेकेदार मार्फत नेपाल सरकारले निर्माण सम्पन्न गरेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पनि भूराजनीतिक ऋडा स्थल बनेको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल दिगो सञ्चालनका लागि भारतले हवाई रुट अनुमतिदिनु पर्दछ । तर भारत आफनो सुरक्षा कारण देखाउँदै त्यसलाई टार्दै आएको छ । पोखरा विमानस्थल उद्घाटनका क्रममा चीनियाँ राजदूतले चीनको विआरआई परियाजनाको प्रमुख अंङ्गका रुपमा यो विमानस्थलको निर्माण भएको अभिव्यक्ती दिएपछि यस विमानस्थल प्रति भारतीय दृष्टीकोण थप अनुदार बनेको छ । नेपालमा चीनयाँ लागानी कर्ताले लगानी गरेको जलविद्युत आयोजनाको विद्युतभारतले नकिन्ने बताएको छ भने चीनियाहरुले लगानी गरेर निर्माण भैरहेका जलविद्युत परियोजनामा समेत विस्फोटक पदार्थको आपूर्ति नहुँदा आयोजना निर्माणमा समेत समस्या र ढिलाई भैरहेको पाइएको छ । यसरी नेपालमा जलविद्युतमा समेत भू-राजनीतिक दवाव सतहमा देखापरेको छ ।

नेपालमा पाँच वर्षका लागि एमसीसी सम्झौता लागू भएको छ । जस अनुसार ४०० केभी क्षमताको ३१५ किलोमिटर लामो विद्युत् प्रसारण लाइन र नयाँविद्युत् सवस्टेशन निर्माण गरिने भएको छ । पूर्वपश्चिम राजमार्गमा पर्ने धानखोलादेखि लमहीसम्मको ७७ किलोमिटर सडक मर्मत गरिने उल्लेख छ । एमसीसीलाई हिन्दप्रशान्त रणनीति (आईपीएस) को अंग भएको पनि व्याख्यागरिँदै आएको छ । नेपालमा लागु भएका एमसीसी, विआरआई आदि परियोजनाहरु ले भू-राजनीतिक दबाब थप बढदै गएको पाइन्छ ।

सन् २००८ पछि नेपालमा चीनको सहयोग तथा गतिविधि बढ्दै गएको छ । चीनिया सरकारको नेपालका कम्युनिष्ट पार्टीहरुसँग सम्बन्ध बढ्दै गएको र नेपालका कम्युनिष्टपार्टीहरुले पनि चीनको राजनीतिक विचारधारा सँग निकट रहेकाले भारत र अमेरिकाको चासो बढ्दै गएको पाइन्छ । तत्कालिन नेपाल कम्युनिष्ट पार्टि एमाले र माओवादी केन्द्र विच एकताभई बनेको नेकपा कालमा चिनिया कम्युनिष्ट पार्टिको नेतृत्वनै नेपालमा आएर नेकपाका नेताहरुलाई सीविचारधाराको बारेमा प्रशिक्षण नै दिएपछि नेपाल थप भूराजनीतिक चासोको केन्द्र बन्यो ।

नेपालका दुवै छिमेकी राष्ट्रहरु भारत र चीन आर्थिक र सामरिक हिसाबले शक्तिशाल भएकाले उनीहरुको बिचमा सहकार्य वा विवाद जेसुकै हुँदापनि नेपाल सजक हुन जरुरी छ । सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा "दुवै देशका विचमा नेपालको भूमिलिपुलेक हुँदै द्विदेशीयकरिडोर निर्माण गर्ने सहमति भयो । सहमतिमाउल्लेख भएको क्षेत्र लिपुलेक नेपालमा पर्दछ । यो घटनाले प्रष्ट पार्दछ कि हाम्रा छिमेकी का हरेक गतिविधिमा नेपाल सजक हुन जरुरी छ" (बराल, २०१६) ।

रमेशनाथ पाण्डेले "आफनो पुस्तक कूटनीति र राजनीतिमा नेपाल भारत सम्बन्धका विभिन्न पहेलीहरु केलाउँदै उनले भारतीय कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वमा हावीभएको ब्रिटिसकालिन अर्धऔपनिववेशिक मानसिकताका आधारमा नेपाल नीति तय गनु नै दुई देशविचको समस्या रहेको बताएका छन्" (पाण्डे, २०७७) । पत्रकार तथा लेखक सुधीर शर्माले आफनो पुस्तक प्रयोगशालामा "भारतले नेपालको आन्तरिक राजनीतिक मामिलाका विभिन्न घटनाक्रममा खेलिरहेको द्वन्दात्मक भूमिकाको चर्चा गरेका छन् । पुस्तकमा तत्कालिन माओवादी शशस्त्र द्वन्दका क्रममा समेत भारतले द्वन्दरत पक्षलाई पनि सहयोग गरेको उल्लेख गरेका छन्" (शर्मा, २०७०) ।

२०७२ साल असोज ३ मा नेपालको प्रथम संविधान सभाद्वारा लिखित संविधान जारी गर्ने अघिल्लो दिन भारतीय प्रधानमन्त्रीको विषेश दूत बनेर तत्कालिन भारतीय विदेश सचिव एस्जयशंकर आए र उनले भारतीय सीमामा समस्या रहेको भन्दै संविधान जारी नगर्न दवावपुर्ण भाषामा नेतृत्वलाई दबाबदिए । नेतृत्वले त्यसलाई अस्विकार गर्दै संविधान जारी भयो र भारतले त्यसको प्रतिक्रिया स्वरुप नेपालमा अनिश्चत कालिन नाकाबन्दी लगायो । यस्ता भू-राजनीतिक दवावका घट्ना नेपालले पटकपटक सामना गर्दै आइरहेको छ ।

भारतीय प्राध्यापक एस डि मुनिले "नेपालका नेताहरु आफुलाई मन्त्री तथा छोराछोरी लाई छात्रवृती मिलाइदिन र अन्य अवसरहरुमा समेत धेरै मामिलाहरुमा भारतीय नेताहरुको सहयोग मागिरहेको पाइन्छ । जसका कारण नेपालमा भारत नेपालको माइक्रोम्यानेज मेन्टसम्म गर्छ भन्ने भारत विरोधी धारणाको विकास भएको छ" (मुनी, २०२४) । नेपालमा भू-राजनीतिक चासोको विषयमा पर्ने एउटा मामिला तिब्बती शरणार्थी समस्या पनि हो । ४० देखि ५० हजारको संख्यामा नेपालमा तिब्बती शरणार्थी बस्दै आएका छन् । "शरणार्थीको संख्या बढेसँगै तिब्बत पक्षधर र विरोधी दुवैले गुम्बाहरु बनाउने संख्या बढाएका छन् । चीन र पश्चिमा देशहरुबाट गुम्बाहरुमा लगानी आउने गरेको छ । यसर्थ काठमाण्डौंको बौद्ध क्षेत्र ग्लोबल गेमको अखडा बनिसक्यो भन्न सकिन्छ" (खनाल, २०७३, पृ.३१६) । नेपालका गुम्बाहरु अपारदर्शी रहेको र कतिपयगुम्बाहरुमा हतियार पनि रहेको शंकागरि खानतलासी गरेका समाचार पनि बेलाबेलामा आउने गर्दछन् । खासगरी चिनिया नेतृत्वको नेपाल भ्रमणका क्रममा त्यस्तो हुने गर्दछ । एक पटक चिनिया विदेशमन्त्रीको नेपाल भ्रमणका क्रममा शिवपुरीमा विहानको समयमा वाकिङ्ग गरे । जुन वाकिङ्ग वाहाना बनाएर खास चीनियापक्षले त्यसक्षेत्रका गुम्बाहरुको खानतलासी लिन लाई आफनो मन्त्रीलाई मोर्निङ्ग वाक गराएको समाचार बाहिरिएको थियो ।

लुम्बिनीको विकासमा भारत र चीनको प्रतिस्पर्धा देखिन्छ भने शक्तिशाली राष्ट्रहरुको चलखेल पनि बढ्दोक्रममा छ । भारतीय पुर्व राजदूत रन्जीत रेले आफनो पुस्तक काठमाडौं डिलेमामा भारतले नेपालको हरेक राजनीतिक परिवर्तन, भूकम्प र प्राकृतिकप्रकोप हरुमा सबैभन्दा छिटो र धेरै सहयोग गर्दै आएको बताएका छन् । "२०७२ को भूकम्पपछि सबैभन्दा पहिला भारत सरकार आएर उद्धार र राहतमा सहयोग गऱ्यो । तर नेपालमा भारत विरोधि धारणा बढि नै रहेको र त्यो भारतीय सुरक्षा चुनौतिहुन सक्ने बताएका छन्" (रे, २०२१) । चीनको उदयलाई रोक्न अमेरिका भारतको सहयोग सहित नेपालको परराष्ट नीति निर्माण तथा अन्य "विषेशगरी चीनसँग जोडिएका परियोजनाहरुमा कडाई गरिरहेको छ भने भारतलाई अमेरिकाले इन्डो-प्यासिफिक स्टाटेजी, र चारओटा देशहरुको समुह (क्वाड)मा अमेरिका, अष्टेलिया, जापान र भारत मिलेर विश्वव्यवस्थामा आफनो प्रभुत्व कायम राख्न चाहान्छन् र चीनको विकासलाई रोक्न चाहन्छन्" (सापकोटा, २०२०) ।

नेपालले अमेरिकी परियोजना एमसीसी र चीनको बिआरआई परियोजना स्विकार गरेर अगाडि बढ्नु नै ठुलो भू-राजनीतिक दबाब हो (चन्द, २०२१) । पोखरा र भैरहवा अन्तर्राष्टिय विमानस्थलबाट नियमित अन्तराष्टिय हवाई उडान हुननसक्नुका पछाडि समेत भू-राजनीतिक चासो पनि एक महत्वपुर्ण कारण हो किनकी दुवै विमानस्थलमाचीन जोडिएको छ । तसर्थ भारतले ती विमान स्थलप्रयोगका लागि हवाइरुट र अन्य सहयोग गर्ने सम्भावना छैन (शाही, २०२४) ।

जब कुनै पनि देश आर्थिकरुपमा सम्पन्न, सैन्य, राजनीतिक, सांस्कृतिकरुपमा बलियो हुन्छ त्यसको प्रभाव स्वभावैले विश्व राजनीतिमा पर्छ । "आजको चीन सबै हिसाबले शक्तिशाली छ । तसर्थ हामी उसको छिमेकी भएका नाताले हाम्रो भू-राजनीतिक जोखिम र अवसर दुवै एकसाथ आएको छ । चीनसँग नेपालको सीमा, व्यापार र संस्कृति जोडिएकाले भारत र अमेरिकाको चासो नेपालमा बढेर जानु स्वभाविक छ" (संग्रौला, २०१९) ।

## निष्कर्ष

आजको विश्वव्यवस्था बहुध्रुबीय विश्वव्यवस्थामा प्रवेश गरिसकेको छ । चीन, रसिया र भारत आजको विश्वव्यवस्थाका महत्वपुर्ण संचालक राष्ट्र भैसकेका छन् । आर्थिक, सैन्य र प्राविधिक हिसाबले तिनै देशहरु शक्तिशाली र सम्पन्न भैसकेका छन् । विश्वव्यवस्था लाई आफुअनुकुल बनाइराख्न विभिन्न ठुला परियोजनाहरु एमसिसी, बिआरआई, जीएसआई जस्ता परियाजनामा धेरैभन्दा धेरै देशहरुको समर्थन र लागु गर्ने तिब्र प्रतिस्पर्धा भैरहेको छ । बदलिदो विश्वव्यवस्थाले गर्दा भू-राजनीतिक दबाब तिव्र भएर गएको छ । नेपाल जस्ता भौगोलिक रुपमा साना र भू-राजनीतिक रुपमा महत्वपुर्ण ठाउँमा अवस्थित देशहरु सचेतनता का साथ आफनो कुटनीतिक मामिला सञ्चालन गर्न आवश्यक छ । नेपाललाई भू-राजनीतिक लडाइको केन्द्र बन्नबाट जोगाउनु पर्दछ । भारत र चीनमात्रै नभई अमेरिका पनि नेपालको भू-राजनीति संग जोडिएको देश बनेको छ । अमेरिकन चासो र आफना छिमेकी राष्ट्रहरु भारत र चीनको सुरक्षा चासोहरु लाई नेपालले जिम्मेवारी र सजगताका साथ ब्यवस्थापन गर्नु पर्दछ । भू-राजनीतिक द्धन्द्धको परिणाम कस्तो हुन्छ भन्ने कुरा रसिया र युक्रेनबिचको युद्धबाट बुझ्न सकिन्छ । तसर्थ नेपाललाई युक्रेन बनाउने र छिमेकमा पनि अस्थिरता मच्चाउने कतिपय राष्ट्रहरुको भूमिकाबाट नेपाल समयमै सचेत हुनुपर्दछ ।

## सन्दर्भसामग्रीसूची

Baral, L. R. (2016). *Building the Bridge: China, India and Nepal*. India-China-Nepal Decoding Trilateralism. G.B. Books.

Chand, H. P. (2021). Nepal's Engagement in BRI and MCC: Implications on Nepal's Geopolitics and Foreign Policy. *Journal of Political Science*, *21*(1), 60-77.

Dahal, D. R. (2024). The Shifting Geopolitics. *Journal of Political Science*, 185-201.

K. C., Khadga. (2023). Changes in Global Power Relations, Geopolitical Complexity and Nepal's National Security Challenges. *Unity Journal*, *4*(01), 331-344.

Mahbubani, K. (2020). *The Chinese Challenge to American Primacy, Has ChinaWon?* Hachette Book Group.

Muni, S.D. (2024). *Dabbling in diplomacy: Recollections of anon-career diplomat*. Konark Publishers Pvt. Ltd.

Rae, R. (2021). *Kathmandu Dilemma: Resetting India-Nepal Ties*. Penguin Random House India Private Limited.

Sangroula, Y. (2019). *South Asia China Geo-economics*. LEX & JURIS Publication Pvt.Ltd.

Sapkota, R. (2020). Nepal’s Conundrum in the Indo-Pacific amidst the Emergence of the Great Power Rivalry. *StosunkiMiędzynarodowe*, *56*(2), 111-124.

Shahi, H.B. (2024). *Geopolitical Implications on Nepal-China Relations, after-2008* https://hdl.handle.net/20.500.14540/21797e. MPhil Thesis, Tribhuvan University.

Xing, L. (2016). *The rise of China and the capitalist world order*. Routledge.

आचार्य, बाबुराम (२०७४), *चीन, तिब्बत र नेपाल*, फाइनप्रिन्ट बुक्स प्रा.लि. ।

आचार्य, राजेश्वर (२०६९), *कूटनीतिक डायरी*, मिडिया प्लानप्रा.लि. ।

खनाल, गोपाल(२०७३), *भूराजनीति*, फिनिक्स बुक्स ।

पाण्डे, रमेशनाथ(२०७७), *कूटनीति र राजनीति*, साङ्ग्रिला पुस्तकप्रा.लि. ।

भण्डारी, भानु(२०७९), *भूराजनीति समकालीनआयाम*, जागरण बुक हाउस ।

विश्वकर्मा, बाबुराम(२०८०), *भूराजनीतिको भार (नेपालीभूमीमाचीन, भारत र अमेरिकाको शक्ति संघर्ष)*, इन्डिगो इन्क प्रकाशनप्रा.लि. ।

शर्मा, सुधीर (२०७०), *प्रयोगशालाःनेपाली सङ्क्रमणमा दिल्ली, दरबार र माओवादी*, फाइनप्रिन्ट बुक्स ।